# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ३२ | अंक ४ | नेपाल राष्ट्र बैंक समाचार | पुस २०६४ | डिसेम्बर २००७/जनवरी २००८


## सन् २००८ मा विश्व आर्थिक वृद्धि घट्ने अनुमान

सन् २००८ मा विश्वको आर्थिक वृद्धिदर सन् २००७ को भन्दा घट्ने अनुमान विश्व बैंकले गरेको छ। बैंकद्वारा पुस २५ गते जारी विज्ञप्ती अनुसार सन् २००७ मा विश्वको आर्थिक वृद्धिदर ३.६ प्रतिशत रहयो। सन् २००६ मा यस्तो वृद्धिदर ३.९ प्रतिशत रहेको थियो। सन् २००८ मा विश्व अर्थतन्त्र ३.३ प्रतिशतले बढ्ने पनि बैंकले जनाएको छ।

सन् २००७ मा आर्थिक वृद्धिदर घट्नुमा विकसित तथा बढी आय भएका मुलुकहरुको आर्थिक वृद्धिदर घट्नु प्रमुख कारण रहेको बैंकले जनाएको छ। सन् २००८ मा ती देशहरुको आर्थिक वृद्धिदर २.२ प्रतिशत मात्र रहने तर विकासोन्मुख देशहरुको आर्थिक वृद्धि भने ७.१ प्रतिशतले हुने बैंकको अनुमान छ।

अमेरिकी डलरको घट्दो विनिमयदर, अमेरिकाको आर्थिक मन्दी र विश्व वित्तीय बजारको अस्थिरता कायम रहे सन् २००८ का लागि अनुमानित आर्थिक वृद्धिदर अझ घट्ने पनि बैंकले स्पष्ट पारेको छ। यी अवस्था कायम रहेमा विकासोन्मुख देशहरुको निर्यात आय र पूँजी आप्रवाह घट्नुका साथै ती देशको लगानी घट्ने बैंकको दावी छ। यस अवस्थामा विकासोन्मुख देशहरुले अनपेक्षित समस्या समाधानका लागि आफ्नो सञ्चित कोष खर्च गर्नु पर्ने विज्ञप्तीमा उल्लेख छ।



बैंकका अनुसार चीन सबभन्दा बढी आर्थिक वृद्धिदर भएको राष्ट्र हो। सन् २००७ मा चीनको आर्थिक वृद्धिदर ११ प्रतिशत भन्दा बढी रहेको जनाइएको छ। चीनपछि भारत बढी आर्थिक वृद्धिदर (नौ प्रतिशत) रहेको मुलुक हो।

चीन सम्मिलित पूर्वी एसिया तथा प्यासिफिक क्षेत्रको कुल गार्हस्थ्य उत्पादन (GDP) सन् २००७ मा १० प्रतिशतले बढेको बैंकले जनाएको छ। भारत सम्मिलित दक्षिण एसियाको कुल गार्हस्थ्य उत्पादन सो वर्ष ८.४ प्रतिशतले बढ्यो। पूर्वी एसिया तथा प्यासिफिक क्षेत्रमा सन् २००८ मा ९.७ प्रतिशत र सन् २००९ मा ९.६ प्रतिशतले आर्थिक वृद्धि हुने पनि बैंकले अनुमान गरेको छ।

विकासोन्मुख मुलुकहरुमध्ये पूर्व र उत्तरी अफ्रिकाको आर्थिक वृद्धिदर कम रहेको छ। सन् २००७ मा त्यस क्षेत्रको कुल गार्हस्थ्य उत्पादन ४.९ प्रतिशतले मात्र बढेको बैंकले जनाएको छ। पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुँदै गएकोले तेलको खानी रहेको त्यस क्षेत्रको आर्थिक वृद्धिदर सन् २००८ मा बढेर ५.४ प्रतिशत पुग्ने अनुमान बैंकको छ।

## मार्जिन लेन्डिङ स्थगित

नेपाल राष्ट्र बैंकले एक महिनाका लागि मार्जिन लेन्डिङ स्थगित गरेको छ। बैंकले पुस १३ गते बैंक तथा वित्तीय संस्थाहरूलाई एक निर्देशन जारी गरी माघ १५ गतेसम्म शेयर धितोमा कर्जा (Margin Lending) प्रवाह गर्न नपाइने व्यवस्था लागू गरेको हो। उक्त समयावधिमा पहिले प्रवाहित




मार्जिन लेन्डिङ नवीकरण समेत गर्न नपाइने निर्देशनमा उल्लेख छ।

यस निर्देशनले नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा सूचिकृत संस्थाहरूको शेयर धितोमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने कर्जा सम्बन्धी असोज २० गते जारी निर्देशन माघ १५ गतेसम्मका लागि स्थगन गरेको छ। बैंकले असोज २० गते इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूलाई नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा सूचिकृत संस्थाहरूको शेयरको धितोमा धितोको मूल्याङ्कित रकमको बढीमा ५० प्रतिशतसम्म कर्जा प्रदान गर्न सकिने निर्देशन जारी गरेको थियो।

## सरकारी बजेट घाटामा सुधार

आर्थिक वर्ष २०६४/६५ को पहिलो चार महिनामा नेपाल सरकारको बजेट घाटामा केही सुधार देखिएको छ। नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्याङ्क अनुसार अघिल्लो महिना (असोज) सम्ममा सरकारको बजेट घाटा रु ९ अर्ब ४० करोड रहेकोमा कात्तिकमा रु ७ अर्ब ४१ करोडमा झरेको छ। अघिल्लो वर्ष यी दुवै महिनामा सरकारी बजेट क्रमशः रु ३५ करोड र रू १ अर्ब ९७ करोडले बचतमा रहेको थियो।

सरकारी खर्चको वृद्धि उच्च रहेकोले सरकारी बजेट घाटामा रहेको बैंकले जनाएको छ। विगतमा सरकारी काम कारवाही खुम्चिएको स्थितिको तुलनामा सरकारी क्रियाकलापमा क्रमशः वृद्धि भई सरकारी खर्चमा विस्तार आएकोले सरकारी बजेट घाटामा रहेको हो।

सो बजेट घाटा पूर्ति गर्न सरकारले रू ६ अर्ब ३ करोड कुल आन्तरिक ऋण परिचालन गरेको बैंकले जनाएको छ।

कुल आन्तरिक ऋणमध्ये ट्रेजरी बिल्स रू ३ अर्ब ८८ करोड, विकास ऋणपत्र रू ९० करोड र नागरिक बचतपत्र रू ३० करोड गरी ऋणपत्र निष्काशनमार्फत कुल रू ५ अर्ब ८ करोड आन्तरिक ऋण परिचालन गरिएको छ।

कुल बजेट घाटामध्ये रू १ अर्ब ३८ करोड वैदेशिक ऋणबाट पूर्ति गरिएको बैंकले जनाएको छ। यस अवधिमा नेपाल सरकारलाई वैदेशिक नगद अनुदानबापत् रू २ अर्ब २६ करोड प्राप्त भएको छ। अघिल्लो वर्ष सो शीर्षकमा रू ३ अर्ब ३१ करोड प्राप्त भएको थियो।

# का.मु. गभर्नर श्री मानन्धरद्वारा अधिवेशन उद्घाटन




कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले नेपाल राष्ट्र बैंक कर्मचारी संघ, मुख्य शाखा समिति बालुवाटारको पाँचौं अधिवेशनको पुस १६ गते एक समारोहका बीच उद्घाटन गर्नुभयो।

उक्त अवसरमा उहाँले नेपाल राष्ट्र बैंकको व्यवस्थापन ऐनको उद्देश्य, दायरा र भावना अनुरुप सामूहिक निर्णय गर्न बैंक सक्षम रहेको बताउनुभयो। कर्मचारी यूनियनसंगको सम्झौता बैंक व्यवस्थापनले ढिलो चाँडो कार्यान्वयन गर्दै जाने तर केही समय लाग्ने बताउनुभयो। उहाँले केन्द्रीय बैंक राज्यभित्रैको निकाय भएकोले देशमा विद्यमान परिस्थितिलाई मध्यनजर गरेर यसले आफ्नो नीति तथा कार्यक्रम लागू गर्नु पर्ने विचार व्यक्त गर्नुभयो।

नेपाल राष्ट्र बैंक देशको छुट्टै खालको संस्था भएकोले यहाँको सेवा सुविधा अरुको भन्दा फरक हुनुपर्छ भन्ने बैंक व्यवस्थापनको पहिलेकै धारणा भएको व्यक्त गर्दै श्री मानन्धरले यस्तो संस्थामा काम गर्ने कर्मचारीहरुले उदाहरणीय रुपमा कार्य सम्पादन गर्नु पर्ने स्पष्ट पार्नुभयो।

समारोहमा डेपुटी गभर्नर श्री वीरविक्रम रायमाझीको उपस्थिति रहेको थियो। साथै कार्यक्रममा बैंकका विभागीय प्रमुखहरु, वरिष्ठ अधिकृत तथा कर्मचारीहरुको पनि उपस्थिति रहेको थियो।

समारोहमा नेपाल राष्ट्र बैंक कर्मचारी संघका केन्द्रीय अध्यक्ष श्री वसन्तराज पाण्डेले आगामी चुनौती सामना गर्न सक्ने केन्द्रीय बैंकको रुपमा अघि बढ्न नेपाल



राष्ट्र बैंकले सक्षम जनशक्ति विकास गर्नु पर्ने सुझाव दिनुभयो। उहाँले नेपाल राष्ट्र बैंकको सुविधा र उपलब्धि समयसापेक्ष भए/नभएको कुराको सिंहावलोकन गरिरहनु पर्ने र प्राप्त सेवा तथा सुविधालाई दिगो बनाउनु पर्ने खाँचो औंल्याउनुभयो।

यसैगरी संघका केन्द्रीय महासचिव श्री राजेन्द्रप्रसाद रिमालले संस्थाको हित विपरित व्यक्तिगत लाभ र स्वार्थ हेरेर कार्य गर्ने कर्मचारीहरुलाई व्यवस्थापनले तत्काल कार्वाही गर्नु पर्ने विचार व्यक्त गर्नुभयो। यस कार्यमा कर्मचारी संघले सहयोग गर्ने उहाँको धारणा थियो। बैंकमा नयाँ खालको विकृति र विसंगति देखा पर्न थालेको चर्चा गर्दै उहाँले यसको समयमै समाधान गर्न नसके भयावह रुप लिन सक्ने र अन्ततः देश, जनता, बैंक र कर्मचारी यसबाट प्रभावित हुने बताउनुभयो। नेपाल राष्ट्र बैंक ऐनबाट प्रदत्त बैंकको



स्वायत्ततामा पछिल्लो समयमा आएर केही हस्तक्षेप भएको उहाँको भनाई थियो।

समारोहका सभापति नेपाल राष्ट्र बैंक कर्मचारी संघ, मुख्य शाखा समिति बालुवाटारका अध्यक्ष श्री अशोककुमार राईले कर्मचारी संघसंग



भएका सहमति र सम्झौता समयमै पालना नभएकोमा बैंक व्यवस्थापन प्रति गुनासो व्यक्त गर्नुभयो।

नेपाल राष्ट्र बैंक कर्मचारी संघ, मुख्य शाखा समिति थापाथलीका अध्यक्ष श्री उमाकान्त थपलिया र मुख्य शाखा समिति टक्सारका अध्यक्ष श्री राजेन्द्र न्यौपानेले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको उक्त समारोहमा संघको मुख्य शाखा समिति, बालुवाटारका उपाध्यक्ष श्री भुषण मल्लले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

सोही दिन सम्पन्न अधिवेशनको बन्दसत्रले श्री श्यामराज त्रिपाठीको अध्यक्षतामा



नौ सदस्यीय कर्मचारी संघ मुख्य शाखा समिति बालुवाटारको कार्यसमिति गरेको छ। समितिको उपाध्यक्षमा भुषण मल्ल, सचिवमा टेकराज भण्डारी, सहसचिवमा किशोरकुमार भट्टराई, कोषाध्यक्षमा अरुण आचार्य र सदस्यहरुमा अर्जुनबहादुर पाण्डे, गोपीकृष्ण भण्डारी, पार्वती श्रेष्ठ र सानुकाजी महर्जन हुनुहुन्छ।

यसैगरी सोही बन्दसत्रले सर्वश्री निर्मल कार्की, अशोककुमार राई, तुलसीप्रसाद गुरागाईं, अरुण आचार्य, अर्जुनबहादुर पाण्डे, लता के. सी., रुकमाया गुरुङ, डण्डप्रसाद खरेल र सानुकाजी महर्जनलाई संघको केन्द्रीय महाधिवेशन प्रतिनिधिमा चयन गरेको समितिको पुस १७ गतेको विज्ञप्तीमा उल्लेख छ।●



# मुद्रास्फीति नियन्त्रित अवस्थामा : ज्यालादरमा सुधार

आर्थिक वर्ष २०६४।६५ को पहिलो चार महिनामा देशको मुद्रास्फीति नियन्त्रित अवस्थामा रहेको र ज्यालादरमा केही सुधार भएको देखिएको छ । नेपाल राष्ट्र बैंकले पुस १३ गते सार्वजनिक गरेको देशको वर्तमान आर्थिक स्थिति सम्बन्धी प्रेस विज्ञप्तीका अनुसार कात्तिक मसान्तसम्ममा उपभोक्ता मुद्रास्फीतिदर अघिल्लो वर्षको हाराहारीमा र थोक मुद्रास्फीतिदर अघिल्लो वर्षभन्दा कम रहेको छ । राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्कमा पनि केही सुधार भएको छ ।

### उपभोक्ता मुद्रास्फीति

समीक्षा अवधिमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.३ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा वार्षिक उपभोक्ता मुद्रास्फीति ७.१ प्रतिशत रहेको थियो । २०६२ फागुनमा पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको आधार प्रभाव र नेपाली रुपैयाँको अमेरिकी डलरसंगको अधिमूल्यनका कारण उपभोक्ता मुद्रास्फीतिमा अघिल्लो वर्षको तुलनामा सुधार आएको बैंकले जनाएको छ ।

समूहगतरुपमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कको वृद्धिदर अघिल्लो वर्ष ७ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ८.४ प्रतिशत रहेको छ । तरकारी तथा फलफूलमा ९.६ प्रतिशत, दलहनमा १४.१ प्रतिशत, तेल तथा घ्यूमा १४.८ प्रतिशत, खाद्यान्न तथा खाद्यान्नजन्य पदार्थमा ११.४ प्रतिशतले मूल्यवृद्धि भएकोले समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्यमा बढी चाप पर्न गएको विज्ञप्तीमा उल्लेख छ । तर चिनी तथा चिनीजन्य पदार्थको मूल्यमा भने १८ प्रतिशतले गिरावट आएको छ ।

गैरखाद्य बस्तु तथा सेवा समूहको सूचकाङ्कको वृद्धिदर भने अघिल्लो वर्ष ७.१ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ३ प्रतिशत विन्दुले कमी आई ४.१ प्रतिशत मात्र रहेको छ । यस समूहका इन्धन, बत्ती तथा पानी, घरायसी सरसामान र यातायात तथा सञ्चार उपसमूहका वस्तुहरूको मूल्यवृद्धि घटेकाले यो समूहको मूल्य सूचकाङ्कको वृद्धिदर घटेको बैंकले जनाएको छ ।



भौगोलिक आधारमा २०६४ कात्तिकमा काठमाडौं उपत्यकामा ६.१ प्रतिशत, तराईमा ६.६ प्रतिशत र पहाडमा ५.७ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । २०६३ कात्तिकमा यस्तो वृद्धिदर क्रमशः ६.६ प्रतिशत, ७.३ प्रतिशत र ७.२ प्रतिशत रहेको थियो । तराई क्षेत्रमा भइरहेको बारम्बारको बन्द, हडताल जस्ता कारणहरुले गर्दा अन्य भौगोलिक क्षेत्रको तुलनामा तराई क्षेत्रको मूल्यवृद्धि केही उच्च रहेको देखिएको छ ।

२०६४ कात्तिकमा वार्षिक विन्दुगत अन्तर्निहित मुद्रास्फीति (core inflation) को वृद्धिदर भने ४.९ प्रतिशत रहेको विज्ञप्तीमा उल्लेख छ । २०६३ कात्तिकमा यस्तो वृद्धिदर ६.४ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

वार्षिक विन्दुगत राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वृद्धिदर २०६३ असोजमा १०.४ प्रतिशत रहेकोमा २०६४ असोजमा १०.३ प्रतिशत रहेको छ । समूहगतरुपमा कृषिजन्य उत्पादनको मूल्य वृद्धिदर अघिल्लो वर्ष १४.६ प्रतिशत रहेकोमा समीक्षा अवधिमा १४.१ प्रतिशत रहेको छ । कृषिजन्य बस्तुहरुमध्ये तरकारी तथा फलफूलमा ४१.७ प्रतिशत, दलहनमा १३ प्रतिशत, नगदेबालीमा ८.३ प्रतिशत तथा खाद्यान्नमा ७.४ प्रतिशतको मूल्यवृद्धि भएको बैंकले जनाएको छ ।

यसैगरी, २०६४ असोजमा स्वदेशमा उत्पादित बस्तुको थोक मूल्य ८ प्रतिशतले वृद्धि भएको छ । २०६३ असोजमा यस्तो वृद्धिदर ६.७ प्रतिशत रहेको थियो । यस उप-समूह अन्तर्गतका बस्तुहरुमध्ये समीक्षा अवधिमा निर्माण सामाग्रीमा १५.५ प्रतिशत, खाद्यजन्य पदार्थमा ५.९ प्रतिशत र पेयपदार्थ तथा सुर्तिजन्य बस्तुमा ५.४ प्रतिशतको मूल्यवृद्धि भएको छ ।

सरकारले आर्थिक वर्ष २०६४।६५ को बजेटमा चुरोट, मदिरा, सिमेन्ट, रंगरोगन जस्ता बस्तुमा लाग्ने अन्तःशुल्कमा गरेको वृद्धि तथा सिमेन्ट, वाइन, वियर, चुरोट जस्ता बस्तुको आयातमा लाग्ने भन्सारदरमा गरेको उल्लेख्य वृद्धिका कारण निर्माण सामाग्री र पेयपदार्थ तथा सुर्तिजन्य पदार्थ उपसमूहको मूल्यमा चाप परेको विज्ञप्तीमा उल्लेख छ ।

अर्कोतर्फ आयातित बस्तुको थोक मूल्य २०६३ असोजमा ६.१ प्रतिशतले वृद्धि भएकोमा २०६४ असोजमा ५.१ प्रतिशतले वृद्धि भएको छ । नेपाली रुपैयाँको अमेरिकी डलरसंग अधिमूल्यन भएका कारण आयातीत बस्तुको मूल्य सूचकाङ्कमा कम चाप परेको हो ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२०६४ असोज मसान्तसम्ममा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ११.९ प्रतिशतले बढेको छ । २०६३ असोजसम्ममा उक्त सूचकाङ्क ८ प्रतिशतले बढेको थियो । २०६४ साउनदेखि सरकारी कर्मचारी लगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा भएको सरदर १७ प्रतिशतको खुद वृद्धि तथा केही समययता मजदूरहरुको ज्यालादरमा भइरहेको वृद्धि समेतका कारणले गर्दा समग्र राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क उच्चदरले बढेको बैंकले जनाएको छ । यस अवधिमा तलब सूचकाङ्कमा १०.९ प्रतिशतको वृद्धि देखिएको छ । गत वर्ष यस्तो वृद्धिदर ६.६ प्रतिशत रहेको थियो ।

यसैगरी, अघिल्लो वर्ष ८.४ प्रतिशतले बढेको ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १२.४ प्रतिशतले बढेको छ । औद्योगिक मजदूर, निर्माण मजदूर र कृषि मजदूरको ज्यालादरमा क्रमशः १९.५ प्रतिशत, १०.३ प्रतिशत र ८.३ प्रतिशतले वृद्धि हुनु नै समीक्षा अवधिमा समग्र ज्यालादर सूचकाङ्कमा चाप पार्ने प्रमुख कारक भएको विज्ञप्तीमा उल्लेख छ ।

# लेखापरीक्षण समितिको क्रियाशीलता आवश्यक

बैंक तथा वित्तीय संस्थाहरुमा संस्थागत सुशासन कायम राख्न ती संस्थाका लेखापरीक्षण समितिको क्रियाशीलता आवश्यक रहेको पुस १८ गते काठमाडौंमा आयोजित एक गोष्ठीका सहभागीहरुले व्यक्त गरेका छन् । उक्त गोष्ठी वित्तीय संस्थाका लेखापरीक्षण समितिका पदाधिकारीहरुसंग अन्तरक्रिया गर्न वित्तीय संस्था सुपरिवेक्षण विभागले आयोजना गरेको थियो ।

गोष्ठीका सभापति तथा वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक श्री भोलाराम श्रेष्ठले वित्तीय संस्थाको सफल



सञ्चालनका लागि लेखापरीक्षण समितिका सदस्यहरुले महत्वपूर्ण भूमिका खेल्नु पर्ने तर त्यसो हुन नसकिरहेको कुरा बताउनुभयो । उक्त अवसरमा उहाँले नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाहरुको वार्षिक सुपरिवेक्षण प्रतिवेदन वेबसाइटमा राख्ने कार्य शुरु गरेको जानकारी दिनुभयो ।

गोष्ठीमा नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाका उपाध्यक्ष एफसीए श्री टङ्कप्रसाद पनेरुले



कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । 'The role of Audit Committee in the corporate Governance of Financial Institutions' विषयक उक्त कार्यपत्रमा कम्पनीहरु स्व-निर्देशित र स्व-नियन्त्रित हुने प्रणाली नै संस्थागत सुशासन भएको उल्लेख छ । सक्रिय लेखापरीक्षण समिति संस्थागत सुशासनको प्रमुख औजार भएको कार्यपत्रको निष्कर्ष थियो ।

कार्यपत्र प्रस्तुतिका क्रममा एफसीए श्री पनेरुले निहित स्वार्थ रहने संस्थापक र व्यवस्थापक-हरुद्वारा सञ्चालन हुने भएकोले सर्वसाधारण शेयरधनी र निक्षेपकर्ताहरुको हित संरक्षण गर्न बैंक तथा वित्तीय संस्थाहरुमा संस्थागत सुशासन अत्यावश्यक रहेको विचार व्यक्त गर्नुभयो । समय, लागत र जनशक्तिको सीमाका कारण लेखापरीक्षकले सम्पूर्ण वित्तीय विवरणको गहिरो परीक्षण गर्न नसक्ने हुनाले लेखापरीक्षण गरिएका वित्तीय विवरण पूर्ण सत्य र ठीक हुन्छ भन्न नसकिने स्पष्ट पार्दै श्री पनेरुले लेखापरीक्षकको काम आफू विश्वस्त भएर अरुलाई विश्वास दिलाउने मात्र भएको बताउनुभयो । यसै प्रसंगमा उहाँले भन्नुभयो, 'वित्तीय विवरण सत्य, ठीक र गल्तीरहित बनाउने जिम्मेवारी संस्थाको व्यवस्थापनको हो, लेखापरीक्षकको होइन ।'

गोष्ठीमा प्रस्तुत कार्यपत्रमाथि सहभागीहरुबीच अन्तरक्रिया कार्यक्रम संचालन गरिएको थियो । छलफलका क्रममा उठेका जिज्ञासाको जवाफ कार्यपत्र प्रस्तोता श्री पनेरु, कार्यकारी निर्देशक श्री श्रेष्ठ र बैंक तथा वित्तीय संस्था नियमन विभागका कायममुकायम कार्यकारी निर्देशक श्री नारायणप्रसाद पौडेलले दिनुभएको थियो ।

यस क्रममा श्री पौडेलले नेपाल राष्ट्र बैंकले सबै विषयमा कार्यविधि बनाई दिन सम्भव नहुने चर्चा गर्दै आवश्यकता अनुसार संस्था आफैले नीति, नियम र निर्देशन अनुरुप हुनेगरी कार्यविधि



बनाउन सक्ने बताउनुभयो । एकीकृत ऐनबाट संचालन हुने भएकोले सबै बैंक तथा वित्तीय संस्थाहरुले एकै खालको फर्म प्रयोग गर्नु पर्ने तर आफूले नगर्ने कार्य सम्बन्धी कोलम खाली राख्न सकिने उहाँले स्पष्ट पार्नुभयो ।

गोष्ठीमा नेपाल वित्त कम्पनी संघका अध्यक्ष श्री रामशान्त श्रेष्ठले संस्थागत सुशासन र स्व-नियमनका लागि सबै वित्तीय संस्थाहरु चिन्तित रहेको बताउँदै



यसका लागि संस्थाको लेखापरीक्षण समितिलाई सक्रिय हुन सक्ने वातावरण बनाइदिनु पर्ने धारणा राख्नुभयो । संस्थागत सुशासन कायम गर्नका लागि सर्वप्रथम संस्थाको सञ्चालक समितिलाई राष्ट्र बैंकले कन्भिन्स गराउनु पर्छ । आफूले सञ्चालन गरेको संस्थाबाट कर्जा लिन पाउनु पर्छ भन्ने धारणामा सुधार गर्न सके अरु सबै कुराको सुधार हुन्छ, उहाँको कथन थियो ।

यसैगरी विकास बैंक तथा वित्तीय संस्था संघ नेपालका प्रथम उपाध्यक्ष श्री झपटबहादुर बोहराले वित्तीय संस्थाको पारदर्शिताका लागि सुपरिवेक्षण



रिर्पोट वेबसाइटमा राख्ने र वार्षिक प्रतिवेदनमा प्रकाशित गर्नु पर्ने व्यवस्था लागु गर्न सुझाव दिनुभयो । संस्थाको हितका लागि सञ्चालक समितिको नियन्त्रण उचित भएको तर संस्थागत सुशासनका नाममा व्यक्तिगत र निजी स्वार्थका लागि नियन्त्रण गरिनु अनुचित रहेको उहाँको धारणा थियो ।

वित्तीय संस्था सुपरिवेक्षण विभागका निर्देशक श्री शिवराज श्रेष्ठको स्वागत मन्तव्यबाट शुरु भएको उक्त गोष्ठीको अन्तमा सोही विभागका निर्देशक श्री लोकबहादुर खड्काले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

मन्तव्यका क्रममा निर्देशक श्री श्रेष्ठले संस्थागत सुशासन र व्यवस्थापकीय समस्या समाधानमा लेखापरीक्षण समितिको भूमिकाको खोजी गर्नु गोष्ठीको उद्देश्य रहेको बताउँदै निरीक्षणबाट बैंक तथा वित्तीय संस्थाहरुमा संस्थागत सुशासन कमजोर रहेको र गठित लेखापरीक्षण समिति सक्रिय भएको नदेखाएको जानकारी दिनुभयो ।

गोष्ठीमा आयोजक विभागका अधिकृतहरु, विभिन्न वित्तीय संस्थाका लेखापरीक्षण समितिका सदस्यहरु गरी ५० जनाको सहभागिता रहेको थियो ।●

# अधिकृत द्वितीय पदमा बढुवा/पदस्थापन

बैंकमा रिक्त रहेको प्रशासन सेवातर्फको अधिकृत द्वितीय पदसंख्या १३ (तेह्र) मूल्यांकन बढुवाको माध्यमद्वारा पूर्ति गर्ने सन्दर्भमा बढुवाका लागि सम्भाव्य उम्मेदवारहरुमध्ये नेपाल राष्ट्र बैंक, कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्था अनुसार कुलमा बढी अंक प्राप्त गर्ने बैंकको अधिकृत तृतीय पदमा कार्यरत देहायका अधिकृतहरुलाई उक्त पदमा बढुवा गरी विभिन्न विभाग तथा कार्यालयमा पदस्थापन गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ ।

उक्त विभागको पुस १७ गतेको परिपत्र अनुसार सर्वश्री हरिगोपाल अधिकारीलाई नेपाल राष्ट्र बैंक, नेपालगञ्जको व्यवस्थापक पदमा, माधवप्रसाद पोखरेललाई मुद्रा व्यवस्थापन विभागको, ज्ञानुकृष्ण अधिकारीलाई अनुसन्धान विभागको, श्यामकृष्ण दाहाललाई बैंक सुपरिवेक्षण विभागको, शशी अर्याललाई वित्त व्यवस्थापन विभागको र वेदबहादुर खतिवडालाई बैंक सुपरिवेक्षण विभागको उप-निर्देशक पदमा पदस्थापन गरिएको छ ।

यसैगरी मेनका आचार्यलाई वित्त व्यवस्थापन विभागको, प्रदिप अधिकारीलाई वित्तीय संस्था सुपरिवेक्षण विभागको, विजया बस्नेत क्षेत्रीलाई मुद्रा व्यवस्थापन विभागको, कृष्णराज सिलवाललाई कानुन महाशाखाको, सुषमा रेग्मीलाई अनुसन्धान विभागको, रुद्रबहादुर घिमिरेलाई आन्तरिक लेखापरीक्षण विभागको र नरहरि आचार्यलाई वित्तीय संस्था सुपरिवेक्षण विभागको उप-निर्देशक पदमा पदस्थापन गरिएको छ ।●

# बढुवाका लागि सिफारिस

### अधिकृत द्वितीय

टक्सार महाशाखाका मेटलर्जिकल इन्जिनियर श्री सुशिलकुमार लाल कायस्थलाई वरिष्ठ मेटलर्जिकल इन्जिनियर (अधिकृत द्वितीय) पदमा बढुवा गर्न सिफारिस गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ । बैंकमा रिक्त रहेको उक्त पदसंख्या एक मूल्याङ्कन बढुवा गरी पूर्ति गर्ने सन्दर्भमा नेपाल राष्ट्र बैंक कर्मचारी नियमावली अनुसार सम्भाव्य उम्मेदवार श्री कायस्थलाई बढुवाका लागि सिफरिस गरिएको हो । विभागको पुस २३ गतेको सूचना अनुसार श्री कायस्थको कुल प्राप्ताङ्क १७४.१३ रहेको छ ।

### प्रधान सहायक

सूचना प्रविधि विभागका सहायक श्री दीपक अधिकारीलाई प्रधान सहायक ( सहायक प्रथम) पदमा बढुवा गर्न सिफारिस गरिएको छ । बैंकको साधारण सेवातर्फ रिक्त रहेको उक्त पदसंख्या एक मूल्याङ्कन बढुवा गरी पूर्ति गर्ने सन्दर्भमा श्री अधिकारीलाई बढुवाका लागि सिफारिस गरिएको विभागको पुस २३ गतेको सूचनामा जनाइएको छ । सूचना अनुसार उहाँको कुल प्राप्ताङ्क १७८.९९ रहेको छ ।

### सहायक

बैंकको उप-सहायक (सहायक तृतीय) पदमा कार्यरत पाँच जना कर्मचारीहरुलाई सहायक (सहायक द्वितीय) पदमा बढुवाका लागि सिफारिस गरिएको छ । बैंकको साधारण सेवातर्फ रिक्त उक्त पदसंख्या पाँच मूल्याङ्कन बढुवाको माध्यमबाट पूर्ति गर्ने सम्बन्धमा नेपाल राष्ट्र बैंक कर्मचारी नियमावली अनुसार सम्भाव्य उम्मेदवारहरुमध्ये उहाँहरुलाई बढुवाका लागि सिफारिस गरिएको जनशक्ति व्यवस्थापन विभागको पुस २३ गतेको सूचनामा जनाइएको छ । सूचना अनुसार सहायक पदमा बढुवाका लागि सिफारिस गरिएकाहरुमा उप-सहायकहरु भोलराम खड्का (राष्ट्र ऋण व्यवस्थापन विभाग), अमरकुमार कर्ण (नेपाल राष्ट्र बैंक, जनकपुर), यदुनाथ शर्मा (नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर), विमलाकुमारी लुइटेल (बैंकिङ्ग कार्यालय) र शिवनारायण झा (नेपाल राष्ट्र बैंक, जनकपुर) हुनुहुन्छ । बढुवाका लागि सिफारिस गरिएका अन्तिम उम्मेदवारको कुल प्राप्ताङ्क १७५.४६ रहेको विभागले जनाएको छ ।

समाचार उहाँलाई बधाई ज्ञापन गर्दछ ।●

# प्राविधिक कर्मचारीको बढुवा

नेपाल राष्ट्र बैंकको प्राविधिक सेवामा कार्यरत ४५ जना कर्मचारीहरुको एक तह बढुवा गरिएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ । बैंकको प्राविधिक सेवामा कार्यरत कर्मचारीहरुको बढुवा सम्बन्धमा नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावलीमा भएको व्यवस्थानुसार उहाँहरुलाई बढुवा गरिएको हो ।

यस अनुसार सहायक द्वितीय श्रेणीबाट सहायक प्रथम श्रेणीमा बढुवा हुनेहरुमा बैंक सुपरीवेक्षण विभागका सर्वश्री रेखा के.सी., नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका हेमकुमारी गुरुङ र नेपाल राष्ट्र बैंक, पोखराका सरिता श्रेष्ठ वरिष्ठ संचारचालक पदमा, बैकिंग कार्यालयका राजेन्द्रकुमार श्रेष्ठ, सामान्य सेवा विभागका तुलाविक्रम राणा, बैकिंग कार्यालयका श्यामबहादुर के.सी. र साजनप्रकाश श्रेष्ठ वरिष्ठ मर्मत तथा सम्भार सहायक पदमा, नेपाल राष्ट्र बैंक, सिद्धार्थनगरका प्रमोदकुमार गुरुङ र शारदादेवी गुरुङ तथा नेपाल राष्ट्र बैंक, नेपालगञ्जका मघई सिंह वरिष्ठ कुक कम केयर टेकर पदमा, टक्सार महाशाखाका सुजितकुमार श्रेष्ठ मुख्य मोडेलर पदमा र सामान्य सेवा विभागका भुवन शिल्पकार मुख्य सिकर्मी पदमा बढुवा हुनुभएको छ ।

सहायक तृतीय श्रेणीबाट सहायक द्वितीय श्रेणीमा बढुवा हुनेहरुमा टक्सार महाशाखाका सानुवावु प्रधानाङ्ग, महेन्द्रदास प्रधान, तुल्सीनारायण महर्जन, तीर्थनारायण महर्जन, निर्मलविभुषण ढकाल, सूर्यधर श्रेष्ठ, बुद्धिलाल श्रेष्ठ, मधुप्रसाद उपाध्याय, कृष्णप्रसाद लामिछाने, धीरेन्द्रकुमार के.सी., अम्मरबहादुर जि.सी., चतुरबहादुर खत्री, धनेन्द्र श्रेष्ठ र कृष्णगोपाल महर्जन तथा मुद्रा व्यवस्थापन विभागका गोविन्द महर्जन वरिष्ठ मेकानिक्स पदमा, नेपाल राष्ट्र बैंक, विराटनगरका नारायणबहादुर घले कुक कम केयर टेकर पदमा, वित्त व्यवस्थापन विभागका शर्मिला कँडेल र बैकिंग कार्यालयका आशा पोखरेल मर्मत तथा सम्भार सहायक पदमा, नेपाल राष्ट्र बैंक, जनकपुरका लवकुमार प्रधान इलेक्ट्रिसियन पदमा र सामान्य सेवा विभागका सुधिर महर्जन वरिष्ठ कम्पाइलर पदमा बढुवा हुनुभएको छ ।

यसैगरी सहायक चतुर्थ श्रेणीबाट सहायक तृतीय श्रेणीमा बढुवा हुनेहरुमा बैकिंग कार्यालयका गोकुलप्रसाद अधिकारी र अकुर श्रेष्ठ तथा सामान्य सेवा विभागका अच्युतप्रसाद अधिकारी नायव संचार चालक पदमा, टक्सार महाशाखाका कान्छा मानन्धर र सहदेव कार्की, नेपाल राष्ट्र बैंक, विराटनगरका रामबहादुर बस्नेत, मुद्रा व्यवस्थापन विभागका पूर्णबहादुर कार्की, टक्सार महाशाखाका राधेश्याम ढकाल, बैकिंग कार्यालयका श्यामबहादुर श्रेष्ठ, टक्सार महाशाखाका रविन डंगोल र कान्छा महर्जन मेकानिक्स पदमा, नेपाल राष्ट्र बैंक, धनगढीका लक्ष्मीप्रसाद शर्मा प्लम्बर पदमा र सामान्य सेवा विभागका बिष्णुवहादुर तामाङ वरिष्ठ चालक पदमा बढुवा हुनुभएको छ ।

समाचार उहाँहरु सबैलाई बधाई ज्ञापन गर्दछ ।●



# गरिबी निवारणमा लघु वित्तको भूमिका

■ प्रल्हाद गिरी

घरधन्दामै सीमित रहने नाङ्लेचौरकी कान्छीमायाँको श्रीमान्को भरपर्ने दिन सकिएको छ । गाउँको महिला एकल समूहको सदस्य बनेपछि प्राप्त गरेको ऋणबाट उनले आफ्नो बारीमा मौसमी तरकारीका साथै सुन्तला खेती गरेकी छिन् । उनको उत्पादन किन्न हाटबजार र शहरबाट थोक व्यापारीहरू सीधै उनको घरसम्म पुग्ने गरेका छन् । उनी त खुशी छन् नै उनको श्रीमान् हर्कबहादुर पनि श्रीमतीले यसरी जीविकोपार्जन गर्ने नयाँ उपाय खोजेकीमा निकै हर्षित छन् । वास्तवमा लघु वित्त कार्यक्रमबाट अतिकम विकसित मुलुकका विपन्न महिलाहरूलाई निकै राहत पुगेको छ ।

हालै सार्वजनिक गरिएको एक प्रतिवेदन अनुसार सन् २००५ सम्ममा करिब ६ करोड ६० लाख भन्दा बढी जनसंख्या लघु वित्त कार्यक्रममा समावेश भएका छन् । यसमध्ये ८४ प्रतिशत महिला छन् । विश्वभर ९ करोड २० लाख गरिबसम्म लघु वित्त कार्यक्रम पुगेको हुनाले गरिबीको रेखामुनि रहेको जनसंख्या वार्षिक तीन प्रतिशतका दरले गरिबी घटेको विश्वास गरिएको छ । विश्वका १० करोड गरिब परिवारसम्म लघु ऋण पुर्‍याउने सन् २००७ को लक्ष्य सहजै पूरा भएको विश्वास लघु वित्त अभियान (माइक्रोक्रेडिट समिट) ले गरेको छ । सन् २०१५ सम्ममा विश्वका १७ करोड ५० लाख गरिब जनतासम्म लघु वित्त अभियान पुर्‍याउने लक्ष्य समिटले लिएको छ ।

नेपालमा लघु वित्त सेवा सहकारीको अवधारणासँगै सन् १९५६ मा शुरु भएको हो । त्यसबेला देशभर कुल १७ वटा ऋण सहकारी संस्थाहरु स्थापना भएका थिए । लघु वित्त सेवालाई प्रभावकारी बनाउन सन् १९५९ मा सहकारी बैंकको स्थापना भएको थियो । यसलाई सन् १९६८ मा कृषि विकास बैंकमा परिणत गरिएको थियो । सन् २००५ लाई लघु वित्त कार्यक्रम वर्षको रूपमा मनाएको थियो । लघु ऋणको दायरामा बालबालिका, महिला तथा साना खुद्रा व्यवसायीहरूलाई पनि समावेश गर्न यो निकै उपयोगी भएको छ । गरिबी निवारण र महिला सशक्तीकरणमा प्रभावकारी देखिएको लघु कर्जा कार्यक्रमले ग्रामीण महिलाको आय वृद्धि गर्नमा सकारात्मक भूमिका खेलेको देखिन्छ ।

नेपालमा पाँच वटा क्षेत्रीय ग्रामीण विकास बैंक, स्वावलम्बन, निर्धन, डिप्रोक्स र छिमेक विकास बैंक लगायतका निजी क्षेत्रका लघु वित्त विकास बैंकहरूले लघु वित्त सेवा पुर्‍याइरहेका छन् । यसका साथै नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त ४७ वटा गैरसरकारी संस्थाहरू तथा १८४ साना किसान सहकारी संस्थाहरूले लघु कर्जाको कारोबार गर्दै आइरहेका छन् । यसका लागि यी संस्थाहरूलाई नेपाल राष्ट्र बैंकको सेल्फ रिलायन्स फन्ड, साना किसान सहकारी बैंक र रुरल माइक्रोफाइनान्स डेभलपमेन्ट सेन्टर (आरएमडीसी) ले कर्जा प्रवाह गर्दै आइरहेका छन् ।

सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि लघु वित्त कार्यक्रम विकासोन्मुख देशहरूमा उपयोगी भएको देखिएको छ । विश्व बैंकको पछिल्लो खोज अनुसार बङ्गलादेशमा करिब ४० प्रतिशत गरिबी लघु वित्त कार्यक्रमको कार्यान्वयनबाट घटेको देखिएको छ । क्षेत्रफलको हिसाबले बङ्गलादेश नेपालभन्दा पनि सानो देश हो । बङ्गलादेशमा ब्राक, ग्रामीण बैंक र आरडी १२ नामका तीन प्रमुख लघु वित्तीय संस्थाहरू कार्यरत छन् । भारतको तुलनामा बङ्गलादेशमा बाल मृत्युदर कम हुँदै गएको छ । संयुक्त राष्ट्र संघको मानव विकास प्रतिवेदन अनुसार बङ्गलादेशमा लघु कर्जा कार्यक्रम प्रभावकारी हुनुमा नागरिक समाज र महिला प्रतिनिधिहरूको सक्रिय साझेदारी निर्णायक तत्व रहेको छ ।

आधारभूत स्वास्थ्य र शिक्षासंगै विस्तारित रोजगारीका अवसरहरू र लघु कर्जाप्रतिको सजिलो पहुँचले महिलाहरूलाई सशक्त बनाउँछ । केही अप्ठ्यारा तथा परिवर्तित परिस्थितिसामना गर्नु परे तापनि महिलाहरूले बच्चा जन्माउने, छोरीलाई शिक्षा दिने र समग्र व्यक्तित्व विकासमा ध्यान दिन थालेका छन् । बङ्गलादेशमा प्रवाहित करोडौंको लघु कर्जाको सही उपयोग भएका कारण त्यहाँका ग्रामीण जनताको जीवनस्तर उकासिएको उदाहरणले विश्व बैंक निकै हौसिएको छ । माइक्रोक्रेडिट समिटको रिपोर्टका अनुसार बङ्गलादेशले सहस्राब्दी विकासको लक्ष्य लघु वित्त कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट आगामी १० वर्षभित्रै हासिल गर्न सक्नेछ । बङ्गलादेश नै यस्तो अतिकम विकसित देश हो जहाँ लघु वित्त कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको कुरा विश्वमै चर्चित छ ।

सार्क परिधिभित्र रहेको एउटा सानो मुलुक बङ्गलादेशले लघु कर्जा कार्यक्रममार्फत् ग्रामीण जनताको गरिबी घटाउन महत्वपूर्ण पहल गर्छ भने नेपाल किन पछाडि पर्ने त ? नेपालमा लघु कर्जासँग सम्बन्धित संस्थाहरूको ग्रामीण र विपन्न वर्गका जनतामा लघु कर्जाको पहुँच सम्बन्धमा सार्वजनिक भएका तथ्यहरू भिन्न रहेका छन् । नेपालमा गरिबीको रेखामुनि रहेका करिब २० लाख परिवारमा लघु वित्त कार्यक्रम पुगेको देशको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ । उता लघु वित्त कार्यक्रमको लागि थोक कर्जा उपलब्ध गराउने संस्था आरएमडीसीका अनुसार यो संख्या ६ लाखको हाराहारीमा छ ।

शान्ति सुरक्षामा आएको कमी, आवश्यक पूर्वाधारको कमी, लघु वित्त सम्बन्धी काम गर्ने संस्थाको कम क्षमता र ठोस राष्ट्रिय नीतिको अभाव रहेको कारण लघु वित्त कार्यक्रम कार्यान्वयनमा निकै कठिनाई परिरहेको तथ्य पनि हामी सामु छ । सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि नेपालले गाम्रीण भेगका जनताको जीवनस्तर उकास्न लघु वित्त कार्यक्रमको घोषणा गरे तापनि लक्षित समूहभन्दा यो अझै कोसौं टाढा रहेको छ । यसका साथै लघु वित्तको क्षेत्रमा लगानीका लागि आवश्यक पर्ने स्रोतको अभाव रहेको कारण कतिपय विपन्न वर्गका समूह लघु कर्जाप्रति खासै आकर्षित हुन सकेका छैनन् । स्रोत नभएर होइन स्रोत परिचालनको समस्या लघु वित्त कार्यक्रमको बाधक भएको देखिन्छ ।

वास्तवमा ऋणको उपलब्धि बचतमा आधारित हुने भएकोले लघु वित्त कार्यक्रमलाई विस्तार गर्न बचतमा जोड दिनु आवश्यक छ । लघु कर्जा विपन्न र गरिबहरूप्रति लक्षित हुने भएकोले आर्थिक व्यवस्थापनमा गरिबहरुको प्रयासबाट ग्रामीण वित्तीय बजार पनि विस्तृत बनाउन सकिने फाइदा एकातिर छ भने अर्कोतिर बचतसम्बन्धी उपयुक्त कार्यक्रमहरु तर्जुमा गर्न लघु वित्त संस्थाहरुले सर्वप्रथम गरिबहरुको आवश्यकताको पहिचान गर्नु जरूरी छ ।

लघु बचत सेवालाई नै गरिबी निवारणको प्रमुख आधार मान्ने हो भने लघु वित्तीय संस्थाहरुले प्रवाह गर्ने सेवामा विविधता ल्याउनु पर्ने देखिन्छ । ग्रामीण क्षेत्रमा लघु वित्त सेवा प्रदान गर्दै आइरहेका संस्थाहरुमा जागरुकता अभिवृद्धि गर्न र गरिबी निवारणमा मद्दत पुग्ने किसिमले नयाँ नयाँ बचत कार्यक्रमहरु तर्जुमा गर्न बाटो पहिल्याउनु पर्ने खाँचो देखिन्छ । यसको साथै लघु कर्जा प्रवाहमा अनावश्यक हस्तक्षेप पनि अवरोधको रूपमा रहेको छ । चाहे व्याजदरको निर्धारण गर्दा होस् वा अनुगमन र निरीक्षण गर्दा होस् लघु कर्जा कार्यक्रम संचालन गर्ने निकाय राजनैतिक र सरकारी निकायको हस्तक्षेपबाट पर हुनु पर्दछ । गरिबहरूका अर्थशास्त्रीका रुपमा विख्यात बंगलादेश ग्रामीण विकास बैंकका प्रबर्द्धक मोहम्मद युनुस यस्ता वित्तीय संस्थाहरुमा राजनीतिक हस्तक्षेप हुन नहुने धारणा राख्छन् । बङ्गलादेशमा युनुसको कुशल नेतृत्व र सरकारी हस्तक्षेपबाट पर राख्न सकेकै कारण ग्रामीण बैंक सफल भएको हो । तर नेपालमा एकातिर कुशल नेतृत्वको अभाव छ भने अर्कोतिर सरकारी र राजनीतिक हस्तक्षेप हट्न सकेको छैन । लघु वित्त निश्चय पनि गरिबी निवारण र महिला सशक्तीकरणको प्रमुख माध्यम भएकोले बङ्गलादेशमा जस्तै प्रभावकारी कार्यान्वयन हुन सकेमा नेपालमा पनि गरिबी घट्ने कुरामा कसैको दुई मत नहोला ।



# धितोपत्रको स्वचालित कारोवार प्रणाली

▪ शालिकराम पोखरेल

नेपाल धितोपत्र विनिमय बजार लिमिटेड (नेपाल स्टक एक्सचेञ्ज) ले २०६४ भदौ ७ देखि स्वचालित कम्प्यूटर प्रणाली (Automated Computerized Trading System) लागू गरेको छ । यो प्रणाली बेलायतको ख्यातिप्राप्त कम्पनी Londaq Limited ले अन्तर्राष्ट्रिय मूल्य र मान्यताको आधारमा धितोपत्र ऐन, २०६३ र यस सम्बन्धी नियम तथा विनियम अनुसार हुनेगरी तयार गरेको हो । यसअघि धितोपत्रको कारोवार खुल्ला बोलकबोल प्रथा (Open Out Cry System) मार्फत भइरहेको थियो ।

नयाँ प्रणालीमा धितोपत्रको कारोवारका लागि ग्राहक व्यवस्थापन फारमको व्यवस्था गरिएको हुन्छ । यसमा ग्राहकसंग सम्बन्धित विवरणहरु जस्तैः- नाम, ठेगाना, बाबुको नाम, बाजेको नाम, फोन नम्बर, ग्राहकको परिचयपत्र नम्बर लगायतका विवरण भरिन्छ । कम्प्यूटरमा आवश्यक विवरण भरेपछि ग्राहकको खरिद/बिक्री आदेशपत्र सोही नामबाट कार्यान्वयन गर्ने गरिन्छ ।

ग्राहकबाट प्राप्त खरिद आदेश कार्यान्वयनका लागि आवश्यक विवरण भरी खरिद बटन थिच्नु (click) पर्छ । बिक्री आदेश भएमा बिक्री बटन थिच्नु पर्छ । प्रविष्ट गरेको विवरण ठीक छ/छैन होशियारीपूर्वक रुजु गरी ठीक भएमा मात्र आवश्यक बटन थिच्नु पर्दछ ।

शेयर खरिद/बिक्रीका लागि लगानीकर्ताले आदेशपत्रमा उल्लेख गरेको रकमले कारोवार गर्न चाहेको मूल्यलाई जनाउँछ । लगानीकर्ताले आदेशपत्रमा तीन किसिमले मूल्य उल्लेख गर्न सक्छन् :- स्थिर मूल्य, मूल्य सीमा र बजार मूल्य । स्थिर मूल्य र मूल्य सीमा तोक्दा बजारको मूल्य परिवर्तन सीमालाई विशेष ध्यान दिनु पर्छ । तोकिएको मूल्य सो सीमाभित्र नपरेमा सदस्य दलालले कारोवार गर्न सक्दैन । कारोवार गर्न लगानीकर्ताले दलालले उपयुक्त ठानेको मूल्यमा खरिद/बिक्री आदेश दिनु पर्छ ।

बिक्रेताको बढी मूल्यमा बिक्री गर्ने र खरिदकर्ताको कम मूल्यमा खरिद गर्ने मनसाय रहेको हुन्छ । पूर्ण प्रतिस्पर्धात्मक कारोवार गर्न कम्प्यूटरमार्फत् घटाघट/बढाबढ (Negotiation) गर्नु पर्ने हुन्छ । एउटा खरिद/बिक्री आदेशमा उल्लेखित शेयर संख्या टुक्राएर प्रविष्ट गर्ने अख्तियारी सदस्य दलाललाई हुँदैन । सदस्य दलालहरुले खरिद/बिक्री आदेश कार्यान्वयनका लागि निम्न तीन अवस्थाहरु रहन्छन् ।

१. प्रारम्भमा (At The Opening– ATO):- यसअन्तर्गत कारोवार गर्न/गराउन चाहने सदस्य दलालहरुले आवश्यक विवरण भरी ATO बटन थिची आदेश प्रविष्ट गर्नु पर्छ । हाल यसका लागि ११.३० देखि ११.५९ सम्मको समय तोकिएको छ । १२:०० बजे उपलब्ध खरिद/बिक्री आदेशलाई मूल्य तथा समय क्रमानुसार कम्प्यूटरले कारोवार गराउने गर्दछ । यसमा मूल्य सीमा अघिल्लो दिनको अन्तिम मूल्यको ± ५% हुने गर्दछ । यसपछि मूल्य परिवर्तन सीमा ± २% हुने गर्दछ । तर ATO मा कुनै कारोवार नभएमा मूल्य परिवर्तन सीमा अघिल्लो दिनको अन्तिम मूल्यको ± २% मात्र हुने गर्दछ ।

२. निरन्तर कारोवार (Continuous Trading):- दिउँसो १२ बजे पछि शुरु हुने कारोवारलाई निरन्तर कारोवार भनिन्छ । यसमा दलालहरुले नियमानुसार अंकित गरेको कारोवार मूल्यमा Price Time Priority को आधारमा Trading Engine मार्फत् स्वचालित रुपमा कारोवार हुने गर्दछ ।

३. अन्त्यमा (At the Close– ATC):- धितोपत्र विनिमय बजारले कारोवारको अन्त्यमा कारोवार संख्या वा समय तोकेको भए सोको



आधारमा औसत अन्तिम मूल्य गणना गर्नेछ । यस अवस्थामा यदि दलालले ATC बटन थिची आदेश प्रविष्ट गरेको भए गणना गरिएको अन्तिम मूल्यमा कारोवार हुने गर्दछ ।

सदस्य दलालले प्रविष्ट गरेको आदेश कायम रहने समयावधि (Retain Until) दुई थरीको हुन्छः- १) दिनको अन्त्यसम्म (End of the Day– EOD) र २) रद्द नगरेसम्म (Good Till Cancelled– GTC) । आदेश प्रविष्ट गर्दा सदस्य दलालले पहिलो अवस्था छनौट गरेमा उक्त आदेश कारोवार समयसम्म बहाल रहने छ । त्यसपछि कार्यान्वयन नभएको आदेश स्वतः खारेज हुन्छ । दलालले आदेश प्रविष्ट गर्दा दोस्रो समयावधि छनौट गरेमा त्यस्तो आदेश रद्द नगरेसम्म बहाल रहन्छ । यस्तो अवधि १५ दिनसम्मको हुन्छ ।

कम्प्युटर प्रणालीमार्फत धितोपत्रको कारोवार चार वटा शर्तमा गर्न सकिन्छः- १) विनाशर्त (None), २) तुरुन्त वा रद्द (Immediate Or Cancel– IOC), ३) गर वा मर (Fill Or Kill– FOK) र ४) सबै कारोवार गर वा नगर (All Or None– AON) ।

विनाशर्त कारोवार गर्न पहिलो अप्सनमा खरिद/बिक्री ओदश प्रविष्टि गर्नु पर्छ । आदेशमा उल्लेखित शेयर संख्या पूर्ण वा आंशिक रुपमा उल्लेखित मूल्यमा कारोवार गर्न दोस्रो अप्सन छनौट गर्नु पर्छ । आदेशमा उल्लिखित शेयर संख्या र मूल्यमा तुरुन्त कारोवार गर्न र सो नभए कारोवार नगर्न तेस्रो अप्सन प्रयोग गर्नुपर्छ । यो अप्सनमा तुरुन्त कारोवार हुन नसकेमा आदेश तुरुन्त रद्द हुने गर्छ । यसैगरी आदेशमा उल्लेखित सबै शेयर उल्लेखित मूल्यमा कारोवार हुन सक्ने भएमा कारोवार गर्ने अन्यथा कारोवार नगर्ने चौथो अप्सन हो । यस अप्सनमा कार्यान्वयन नभएको ओदश Public Order Book मा Pending Order को रुपमा कायम रहन्छ ।

धितोपत्रको कारोवार तुरुन्त राफसाफ भने हुँदैन । यसको प्रक्रिया छुट्टै छ । अन्तर्राष्ट्रिय मूल्य र मान्यता अनुसार धितोपत्रको कारोवार अवधिलाई रकम र कागजात बुझाएको आधारमा विभाजन गरिएको छ । सदस्य दलालहरुले कारोवार गरेको दिनलाई T+1 भन्ने गरिन्छ । त्यसपछिको दिनलाई क्रमशः T+2, T+3, T+4, T+5 भन्ने गरिन्छ ।

साधारणतया धितोपत्रको कारोवार T+3 अवधिभित्र हुनु पर्ने हुन्छ । सदस्य दलालले कारोवार गरेको भोलिपल्ट (T+2) खरिद गरिएको शेयरको रकम धितोपत्र विनिमय बजारमा बुझाउनु पर्छ । साथै, Floor Sheet मा उल्लेख भए अनुसारको सम्झौता रकम, NEPSE Commission, स्रोतमा लाग्ने ब्रोकर कमिशन कर (TDS) र SEBO Commission रकम दाखिला गर्नु पर्छ । कारोवारको भौचर स्वीकृत (approve) नभए क्रेता (buyer) सदस्य दलाल T+2 दिनको कारोवारमा संलग्न हुन पाउँदैन ।

T+2 मा बिक्रेता (seller) दलालले नामसारीका लागि आवश्यक सम्पूर्ण कागजात तथा शेयर प्रमाणपत्र पेश गर्नु पर्छ । कारणवस T+2 मा कागजात पेश गर्न नसकेमा निजले T+3 बुझाउन सक्ने छ तर सो दिन कारोवार प्रक्रियामा सहभागी हुन पाउँदैन । T+3 मा पनि कागजपत्र नबुझाएमा निजको कारोवार T+4 का दिन रद्द गरिन्छ र सो दिन निजलाई कारोवारबाट बञ्चित गरिन्छ । यदि राफसाफ गरिएको कारोवारलाई खरिदकर्ताले Blank Transfer मा राख्न चाहेमा वा Name Transfer मा पठाउन चाहेमा T+5 भित्र गरिसक्नु पर्छ ।

सदस्य दलालले धितोपत्र कारोवारको राफसाफका लागि विवरण भरिसकेपछि पुनः एकपटक रुजु गर्नु पर्छ । विवरण ठीक देखिएमा मात्र स्वीकृतिका लागि Approve बटन थिची पेश गर्नु पर्छ । एकपटक Approve गरिसकेपछि विवरण संशोधन गर्न सकिँदैन । धितोपत्रको कारोवार कार्यान्वयन गर्नुपूर्व आवश्यक कागजातहरु उपलब्ध गराउने जिम्मेवारी लगानीकर्ताको हुन्छ ।●

# सेमिनार तथा तालिममा सहभागिता

अनुसन्धान विभागका निर्देशक श्री रामेश्वरी पन्त बैंक अफ थाइल्याण्डले आयोजना गरेको SEANZA Advisors Meeting मा भाग लिन मंसिर ६ गते बैंककतर्फ प्रस्थान गर्नुभई मंसिर १० गते काठमाडौं फर्कनुभयो ।

गभर्नरको कार्यालयका निर्देशक श्री साधना उपाध्याय र टक्सार महाशाखाका उप-निर्देशक श्री चम्पा कोइराला बैंक अफ कोरियाले सोलमा सञ्चालन गरेको Measuring Financial System – Performance: Strategies and Methods विषयक सेमिनारमा भाग लिन मंसिर १० गते त्यसतर्फ प्रस्थान गर्नुभई मंसिर १७ गते काठमाडौं फर्कनुभयो ।

आन्तरिक लेखापरीक्षण विभागका निर्देशक श्री राजनविक्रम शाह सिसन सेन्टरले इण्डोनेसियाको योग्याकार्तामा संचालन गरेको Payment & Settlement Systems विषयक तालिममा भाग लिन मंसिर ५ गते प्रस्थान गर्नुभई मंसिर १७ गते काठमाडौं फर्कनुभयो । तालिममा बैंकिङ्ग कार्यालयका सहायक निर्देशक श्री राजेश पालिखे पनि सहभागी हुनुहन्थ्यो ।

बैंक सुपरिवेक्षण विभागका निर्देशक श्री महाप्रसाद अधिकारी सिसन सेन्टरले मलेसियाको क्वालालम्पुरमा आयोजना गरेको Understanding and Addressing the Pro-cyclically Impact of Basel II in the SEACEN Countries विषयक कार्यशालामा भाग लिन मंसिर २३ गते प्रस्थान गर्नुभई मंसिर २८ गते काठमाडौं फर्कनुभयो ।

निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका श्री केशवराज आचार्य र बैंक सुपरिवेक्षण विभागका श्री भीष्मराज ढुंगाना FSI-SEANZA ले आयोजना गरेको Market Risk with a Focus on Interest Rate Risk in Banking Book विषयक सेमिनारमा भाग लिन मंसिर २३ गते भारतको मुम्बईतर्फ प्रस्थान गर्नुभई पुस १ गते काठमाडौं फर्कनुभयो । उक्त सेमिनारपछि निर्देशक श्री ढुंगाना सिसन सेन्टरले पुस २ देखि ६ गतेसम्म क्वालालम्पुरमा आयोजना गरेको Comparison of Problem Bank Identification, Intervention and Resolution in the SEACEN Countries विषयक कार्यशालामा सहभागी हुनुभएको थियो ।

बैंक सुपरिवेक्षण विभागका कायममुकायम निर्देशक श्री ऋषिकेश भट्ट मनिटरी अथोरिटी अफ सिंगापुरले सिंगापुरमा आयोजना गरेको Banking Supervisors Training मा भाग लिन मंसिर १५ गते प्रस्थान गर्नुभई पुस १ गते काठमाडौं फर्कनुभयो ।

बैंकर्श प्रशिक्षण केन्द्रका कायममुकायम निर्देशक श्री वासुदेव अधिकारी र उप-निर्देशक श्री प्रेमप्रसाद न्यौपाने सिसन सेन्टरले भियतनामको हनोईमा आयोजना गरेको Train -the- Trainers Workshop for Banking Supervisors & Regulators विषयक तालिममा भाग लिन पुस २७ गते प्रस्थान गर्नुभयो । उहाँहरुको माघ ५ गते काठमाडौं फर्कने कार्यक्रम छ ।

आन्तरिक लेखापरीक्षण विभागका उप-निर्देशक श्री एजिन्द्रप्रसाद लुईंटेल भारतीय रिजर्भ बैंकले पुनामा आयोजना गरेको Risk Management in Central Banks विषयक सेमिनारमा भाग लिन पुस ३ गते प्रस्थान गर्नुभई पुस ८ गते काठमाडौं फर्कनुभयो ।

लघु वित्त विभागका उप-निर्देशक श्री विनोदराज आचार्य र कायममुकायम सहायक निर्देशक श्री सन्तोषकुमार लुईंटेल सिक्टाबले आयोजना गरेको Financing Self Help Groups विषयक अध्ययन भ्रमणमा भाग लिन मंसिर १ गते भारतको लखनऊतर्फ प्रस्थान गर्नुभई मंसिर ८ गते काठमाडौं फर्कनुभयो ।

उप-निर्देशकद्वय बैंक तथा वित्तीय संस्था नियमन विभागका श्री अशोककुमार पौडेल र अनुसन्धान विभागका श्री गुणाकर भट्ट ICRIER ले नयाँ दिल्लीमा आयोजना गरेको Financial Globalisation and Financial Sector Development in South and Central Asia विषयक सेमिनारमा भाग लिन मंसिर ५ गते प्रस्थान गर्नुभई मंसिर ८ गते काठमाडौं फर्कनुभयो ।

बैंकिङ्ग कार्यालयका उप-निर्देशक श्री राधिका शाक्य शर्मा र विदेशी विनिमय व्यवस्थापन विभागका कायममुकायम उप-निर्देशक श्री ज्ञानबहादुर जि. सी. सिसन सेन्टरले कम्बोडियामा आयोजना गरेको International Reserve Management विषयक कार्यशालामा भाग लिन मंसिर १२ गते प्रस्थान गर्नुभई मंसिर २४ गते काठमाडौं फर्कनुभयो ।

सहायक निर्देशकद्वय सामान्य सेवा विभागका श्री श्रीप्रसाद न्यौपाने र मुद्रा व्यवस्थापन विभागका श्री दयाराम शर्मा पंगेनी आप्राकाले बैंककमा आयोजना गरेको Financing Small and Medium Enterprises विषयक अवलोकन भ्रमणमा भाग लिन मंसिर ४ गते प्रस्थान गनुभई मंसिर ९ गते काठमाडौं फर्कनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक श्री शशीधर अर्याल र बैंकिङ्ग कार्यालयका संचार अधिकृत श्री दीपककुमार रोक्का Cambridge Solutions Limited ले मुम्बईमा आयोजना गरेको SWIFT- Regional Conference मा भाग लिन मंसिर ८ गते प्रस्थान गर्नुभई मंसिर १४ गते काठमाडौं फर्कनुभयो ।

सहायक निर्देशकहरु वित्तीय संस्था सुपरिवेक्षण विभागका श्री सन्तोषकुमार घिमिरे, लघु वित्त विभागका श्री अमरकृष्ण जोशी र जनशक्ति व्यवस्थापन विभागका श्री वीरकाजी शाक्य सिक्टाबले श्रीलंकाको गाले शहरमा आयोजना गरेको Development of Co-operatives and Rural Financing Institutions विषयक कार्यक्रममा भाग लिन मंसिर २१ गते प्रस्थान गर्नुभई पुस ३ गते काठमाडौं फर्कनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक श्री हिमप्रसाद न्यौपाने IMF ले सिंगापुरमा आयोजना गरेको Macroeconomic Diagnostics विषयक तालिममा भाग लिन मंसिर १५ गते प्रस्थान गर्नुभई पुस १ गते काठमाडौं फर्कनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक श्री सत्येन्द्र तिमिल्सिना IMF/ITP ले भारतको पुनामा आयोजना गरेको Macroeconomic Management and Financial Sector Issues विषयक कार्यक्रममा भाग लिन मंसिर १५ गते प्रस्थान गर्नुभई पुस १ गते काठमाडौं फर्कनुभयो ।

नेपाल राष्ट्र बैंक, पोखराका व्यवस्थापक श्री केशव थापा र नेपाल राष्ट्र बैंक नेपालगञ्जका सहायक व्यवस्थापक श्री बाबुराम शर्मा आप्राका र सेन्ट्राबले संयुक्त रुपमा फिलिपिन्सको मनिलामा आयोजना गरेको Rural Banking विषयक अध्ययन भ्रमणमा भाग लिन मंसिर १५ गते प्रस्थान गर्नुभई मंसिर २३ गते काठमाडौं फर्कनुभयो ।

नेपाल राष्ट्र बैंक, वीरगञ्जका कायममुकायम व्यवस्थापक श्री बमबहादुर मिश्र सिसन सेन्टरले क्वालालम्पुरमा आयोजना गरेको Development of E-payment and Challenge for Central Banks in the SEACEN Countries विषयक कार्यशालामा भाग लिन मंसिर २५ गते प्रस्थान गर्नुभई पुस १ गते काठमाडौं फर्कनुभयो ।

लघु वित्त विभागका कायमुकायम सहायक निर्देशक श्री सुभाषचन्द्र अर्याल र प्रधान नगद सहायक श्री शालिकराम पोखरेल सिक्टाबले पुनामा आयोजना गरेको Financing Women's Development विषयक कार्यक्रममा भाग लिन पुस १६ गते प्रस्थान गर्नुभई पुस २३ गते काठमाडौं फर्कनुभयो ।

## कार्यकारी निर्देशक श्री थापा बैठकमा



संस्थागत योजना विभागका कार्यकारी निर्देशक श्री गोकुलराम थापा सिसन सेन्टरले इण्डोनेसियाको योग्याकार्तामा आयोजना गरेको 6th Meeting of Directors of Payment & Settlement Systems of Asia Pacific Central Banks विषयक बैठकमा भाग लिन मंसिर ९ गते प्रस्थान गर्नुभई मंसिर १७ गते काठमाडौं फर्कनुभयो ।

# आर्थिक समाचार लेखन तालिम सम्पन्न

जनसम्पर्क महाशाखाले बैंकर्स प्रशिक्षण केन्द्रमा सञ्चालन गरेको आर्थिक समाचार लेखन तालिम पुस ३० गते सम्पन्न भयो। बैंकका प्रकाशनसंग सम्बद्ध कर्मचारीहरुको आर्थिक समाचार लेखन क्षमता बढाउन तालिम आयोजना गरिएको हो। पुस २९ गते शुरु भएको उक्त तालिममा बैंकको विभिन्न प्रकाशन सम्बन्धी कार्यमा संलग्न २० जना कर्मचारीहरुको सहभागिता रहेको थियो।

तालिमको शुभारम्भ गभर्नरको कार्यालयका निर्देशक श्री साधना उपाध्यायले गर्नुभएको थियो। कार्यक्रममा जनसम्पर्क महाशाखाका कायममुकायम उप–निर्देशक श्री बिमला उपाध्यायले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

पहिलो दिन नेपाल राष्ट्र बैंकका प्रेस सल्लाहकार श्री अच्युत वाग्लेले प्रभावकारी सम्पादन सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो। विषयवस्तुलाई सत्य सूचना सम्प्रेषण हुनेगरी प्राप्त समय तथा स्थान अनुसार सरल बनाउने कला नै सम्पादन भएको उहाँले बताउनुभयो।



यसैगरी भारतीय रिजर्भ बैंकको जनसम्पर्क विभागका महाप्रवन्धक श्री अल्पना किलावालाले केन्द्रीय बैंकिङ्ग सूचना प्रवाह विषयमा वार्ता प्रस्तुत गर्नुभयो। केन्द्रीय बैंकले सर्वसाधारण जनतालाई बैंकिङ्ग नियमकानुन सम्बन्धमा सुसूचित गरिरहनु पर्ने उहाँको भनाई थियो।



दोस्रो दिन कान्तिपुर दैनिकका प्रमुख समाचार संयोजक श्री हरिबहादुर थापाले समाचार सत्य, सन्तुलित र विश्वसनीय हुनुपर्ने धारणा राख्दै समाचार संकलन र लेखन विषयमा वार्ता प्रस्तुत गर्नुभयो। तथ्यमा आधारित रहेर स्पष्ट, शिष्ट र सामयिक रुपमा समाचार संकलन गर्ने र प्रकाशन गर्ने विश्वव्यापी मान्यता रहेको उहाँले बताउनुभयो।



सोही दिन आयोजित समापन कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गरियो। कार्यक्रमको सञ्चालन जनसम्पर्क महाशाखाका प्रधान सहायक श्री भागवत आचार्यले गर्नुभएको थियो।●



# रणनीतिक योजना र बजेट विषयक तालिम सम्पन्न

बैंकर्स प्रशिक्षण केन्द्रले काठमाडौंमा सञ्चालन गरेको रणनीतिक योजना तथा बजेट (Strategic Planning & Budgeting) विषयक तालिम मंसिर २६ गते सम्पन्न भयो। नेपाल राष्ट्र बैंकका अधिकृतहरुलाई बैंकको रणनीतिक योजना र बजेट तर्जुमा सम्बन्धमा प्रशिक्षण दिनु तालिमको उद्देश्य थियो। तालिम समापनका अवसरमा आयोजित एक समारोहमा केन्द्रका निमित्त कार्यकारी निर्देशक श्री अर्जुनबहादुर अधिकारीले तालिमका सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभयो।

समारोहमा सहभागीहरुको तर्फबाट नेपाल राष्ट्र बैंक, पोखराका व्यवस्थापक श्री मानबहादुर नेपालीले तालिम लाभदायी भएको बताउनुभयो। उक्त कार्यक्रममा तालिमका संयोजक श्री बुद्धिबहादुर थापाले तालिमको समग्र मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

तालिम मंसिर २३ गतेदेखि शुरु भएको थियो। बैंकर्स प्रशिक्षण केन्द्रका कायममुकायम निर्देशक श्री वासुदेव अधिकारीले तालिमको शुभारम्भ गर्नुभएको थियो। उक्त अवसरमा उहाँले तालिमको उद्देश्य तथा औचित्यमाथि प्रकाश पार्नुभएको थियो।

उक्त कार्यक्रममा सहभागीहरुको परिचयात्मक कार्यक्रम संचालन गरिएको थियो भने तालिमका संयोजक श्री थापाले तालिमको संक्षिप्त परिचय दिनु भएको थियो।

चारदिने उक्त तालिममा बैंकको विभिन्न विभागमा कार्यरत २० जना अधिकृतहरुको सहभागिता रहेको थियो।●

## पोखरामा सरकारी कारोवार तालिम

बैंकर्स प्रशिक्षण केन्द्रले मंसिर ४ देखि ७ गतेसम्म पोखरामा सरकारी कारोवार (Government Account Transaction) विषयक तालिम सञ्चालन गर्‍यो। चार दिनसम्म सञ्चालित उक्त तालिममा नेपाल राष्ट्र बैंकका ९, राष्ट्रिय वाणिज्य बैंकका ८, नेपाल बैंक लिमिटेडका ६ र एभरेष्ट बैंक लिमिटेडका १ गरी २४ जना सहायक स्तरीय कर्मचारीहरुको सहभागिता रहेको थियो।

तालिमको शुभारम्भ नेपाल राष्ट्र बैंक, पोखराका मुख्य व्यवस्थापक श्री वासुदेव आचार्यले गर्नुभएको थियो। उक्त अवसरमा बैंकर्स प्रशिक्षण केन्द्रका कायममुकायम निर्देशक श्री वासुदेव अधिकारीले स्वागत मन्तव्य गर्दै तालिमको उद्देश्य तथा औचित्यका बारेमा प्रकाश पार्नुभएको थियो। उक्त कार्यक्रममा तालिमका संयोजक श्री प्रेमप्रसाद न्यौपानेले सहभागीहरुको परिचय र तालिमको संक्षिप्त परिचय दिनुभएको थियो।

तालिमको समापनको अवसरमा आयोजित समारोहमा बैंकर्स प्रशिक्षण केन्द्रका निमित्त कार्यकारी निर्देशक श्री अर्जुनबहादुर अधिकारीले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो।

समारोहमा तालिमका संयोजक श्री न्यौपानेले तालिमको समग्र मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। सहभागीहरुको तर्फबाट नेपाल बैंक लिमिटेडका श्री गोपाल थापाले तालिम उपयोगी भएको बताउनुभयो।●

# दमकमा मूल्य गोष्ठी

नेपाल राष्ट्र बैंक, विराटनगरले पुस १४ गते झापाको दमकमा मूल्य तथ्याङ्क संकलन विषयक अन्तरक्रिया आयोजना गर्‍यो । दमक बजारमा आयोजित उक्त गोष्ठीमा स्थानीय उद्योगपति, व्यवसायी, उद्योग वाणिज्य संघका पदाधिकारीहरू, उपभोक्ता मञ्चका पदाधिकारीहरू, नेपाल राष्ट्र बैंकलाई मूल्य तथ्याङ्क उपलव्ध गराउने खुद्रा एवं थोक बिक्रेताहरू गरी ६४ जनाको उपस्थिति रहेको थियो ।

गोष्ठीमा अनुसन्धान विभागका निर्देशक श्री रामेश्वरी पन्तले नेपाल राष्ट्र बैंक मूल्य निर्धारण गर्ने निकाय नभएर मूल्य संकलन गर्ने संस्था मात्र भएको बताउँदै बैंकले मूल्य लगायतका विविध मौद्रिक विषयमा सरकारसमक्ष यथार्थ स्थिति प्रस्तुत गर्दै आफ्नो तर्फबाट सल्लाह दिने काम गरिआएको बताउनुभयो । हाल उपभोगका आधारमा उच्च प्राथमिकतामा रहेका ३०१ वटा वस्तुलाई मूल्य संकलनका लागि समावेश गरिएको उहाँले बताउनुभयो ।

गोष्ठीका सभापति एवं नेपाल राष्ट्र बैंक, विराटनगरका मुख्य व्यवस्थापक श्री जगदीश्वरप्रसाद अधिकारीले उपभोक्ताले प्रयोग गर्ने सबै वस्तुलाई सूचकांकमा समावेश गर्न संभव नहुने भएकाले पारिवारिक बजेट सर्भेक्षणको आधारमा बढी उपभोग गरिने सीमित वस्तुलाई मूल्य सूचकांकमा समावेश गर्ने गरिएको बताउनुभयो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री तेजबहादुर रानाले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको औचित्यबारे प्रष्ट पार्नुभएको थियो । साथै, उहाँले मुलुकको नीति निर्माणमा मूल्य तथ्याङ्कको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंक, विराटनगरका सहायक व्यवस्थापक श्री गोकुलचन्द्र अधिकारीले "मूल्य तथ्याङ्क संकलनको औचित्य एवं महत्व" विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्रमुख अतिथि एवं दमक उद्योग वाणिज्य संघका अध्यक्ष श्री सुदिपराज पन्तले नेपाल राष्ट्र बैंकलाई आवश्यक मूल्य तथ्याङ्क उपलब्ध गराउनु सबै उद्यमी व्यवसायीहरूको कर्तव्य भएको बताउनुभयो ।

दमक बहुमुखी क्याम्पसका अर्थशास्त्र संकाय प्रमुखश्री अखिलेश्वर लालदासले प्रस्तुत कार्यपत्रमाथि टिप्पणी गर्नुहुँदै मूल्यवृद्धिको कारक तत्वमध्ये ट्रेड यूनियन गतिविधि र उद्योगपतिहरूको नाफा मार्जिन पनि महत्वपूर्ण कारकको रुपमा देखिएको बताउनुभयो ।

छलफलमा उठेका जिज्ञासाको जवाफ निर्देशक श्री पन्त र मुख्य व्यवस्थापक श्री अधिकारीले दिनुभएको थियो ।

गोष्ठीको संचालन नेपाल राष्ट्र बैंक, विराटनगरका प्रधान सहायक श्री दीर्घबहादुर थापाले गर्नुभएको थियो ।

# गुलरियामा आर्थिक तथ्याङ्क

नेपाल राष्ट्र बैंक, नेपालगञ्जले मंसिर २९ गते बर्दिया जिल्लाको गुलरियामा एकदिने आर्थिक तथ्याङ्क गोष्ठी सम्पन्न गर्‍यो । बर्दिया उद्योग वाणिज्य संघका अध्यक्ष श्री राजेन्द्रप्रसाद कंडेलको प्रमुख आतिथ्यमा सम्पन्न उक्त गोष्ठीको सभापतित्व नेपाल राष्ट्र बैंक, नेपालगञ्जका सहायक व्यवस्थापक श्री केशवबहादुर के.सी.ले गर्नुभएको थियो ।

गोष्ठीमा बर्दिया जिल्लास्थित सरकारी कार्यालय, व्यावसायिक संघ/संस्था, बैंक तथा वित्तीय संस्था र उद्योगमा तथ्याङ्क निर्माणमा संलग्न कर्मचारी तथा प्रतिनिधिहरूको सहभागिता रहेको थियो । शुरुमा नेपाल राष्ट्र बैंक, नेपालगञ्जका सहायक व्यवस्थापक श्री गोविन्द प्रसाद राजभण्डारीले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंक, नेपालगञ्जका कायममुकायम मुख्य व्यवस्थापक श्री पिताम्बर भण्डारीले "नेपाल राष्ट्र बैंकले संकलन गर्ने आर्थिक तथ्याङ्कको महत्व र चुनौतीहरू" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । गोष्ठीमा सोही कार्यपत्रमाथि छलफल भएको थियो । छलफलमा आर्थिक तथ्याङ्क र समसामयिक आर्थिक तथा बैकिंग गतिविधि सम्बन्धमा सहभागीहरूद्वारा उठाइएका जिज्ञासाको जवाफ श्री भण्डारीले दिनुभएको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल राष्ट्र बैंक, नेपालगञ्जका प्रधान नगद सहायक श्री भिमार्जुन शाहले गर्नुभएको थियो ।

# धनकुटामा मूल्य गोष्ठी

नेपाल राष्ट्र बैंक, विराटनगरले मंसिर २८ गते धनकुटामा एकदिने मूल्य सम्बन्धी गोष्ठी सम्पन्न गर्‍यो । कार्यालयका मुख्य व्यवस्थापक श्री महेश भट्टराईको सभापतित्वमा सञ्चालित गोष्ठीमा धनकुटा उद्योग वाणिज्य संघका अध्यक्ष श्री लालचन गोङ्वा प्रमुख अतिथि हुनुहुन्थ्यो । गोष्ठीमा धनकुटा बजारका व्यापारी तथा अन्य बुद्धिजिवीहरू गरी ४६ जनाको सहभागिता रहेको थियो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंक, विराटनगरका व्यवस्थापक श्री तेजबहादुर रानाले स्वागत मन्तव्य व्यक्त गर्दै गोष्ठीको औचित्य तथा महत्वमाथि प्रकाश पार्नुभएको थियो ।

गोष्ठीमा नेपाल राष्ट्र बैंक, विराटनगरका सहायक व्यवस्थापक श्री मेघराज श्रेष्ठले "मूल्य तथ्याङ्क परिचय, संकलन विधि, आवश्यकता तथा नीति निर्माणमा यसको महत्व" विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । कार्यपत्रमा मूल्य संकलन विधिका अतिरिक्त नेपालमा मूल्यवृद्धिको प्रवृति तथा कारणहरूको संक्षिप्त चर्चा गरिएको छ । सूचकांकको निर्माणबाट विभिन्न क्षेत्रमा संलग्न व्यक्तिहरूलाई फाइदा पुग्ने कार्यपत्रमा उल्लेख छ ।

सहभागी कार्यालय प्रमुखहरूको तर्फबाट जिल्ला कृषि विकास कार्यालयका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत श्री रामअयोध्या महतोले धनकुटा जिल्लाको कृषि उपजको व्यावसायिक उत्पादनको अवस्था तथा सो को मूल्य प्रवृत्ति बारे संक्षिप्त चर्चा गर्नुभएको थियो । उहाँले नेपाल राष्ट्र बैंकलाई कृषि उपज सम्बन्धी मूल्य तथ्याङ्क उपलब्ध गराउन सकिने जानकारी दिनुभयो ।

छलफल कार्यक्रममा सहभागीहरूद्वारा उठाइएका जिज्ञासाको जवाफ मुख्य व्यवस्थापक श्री भट्टराई र व्यवस्थापक श्री रानाले दिनुभएको थियो । कार्यक्रमको संचालन नेपाल राष्ट्र बैंक, विराटनगरका प्रधान सहायक श्री शंकर वस्तीले गर्नुभएको थियो ।

# अधिकृत प्रथम पदमा कायममुकायम मुकर्रर

वित्त व्यवस्थापन विभागका उप-निर्देशक श्री झलक शर्मा आचार्य नेपाल राष्ट्र बैंक, जनकपुरको मुख्य व्यवस्थापक पदमा कायममुकायम मुकर्रर हुनुभएको छ ।

# सरुवा

बैंकका निर्देशकहरु सिसन सेन्टरमा काजमा रहनुभएका सर्वश्री मीनबहादुर श्रेष्ठलाई अनुसन्धान विभागबाट नेपाल राष्ट्र बैंक, जनकपुरमा, नेपाल बैंक लिमिटेडमा काजमा रहनुभएका डा. विनोद आत्रेयलाई संस्थागत योजना विभागबाट अनुसन्धान विभागमा, वित्तीय क्षेत्र सुधार आयोजनामा काजमा रहनुभएका श्री राधेश्याम श्रेष्ठलाई बैंक सुपरिवेक्षण विभागमा सरुवा गरी काज यथावत कायम गरिएको छ ।

निर्देशकहरु बैंक तथा वित्तीय संस्था नियनमन विभागमा काजमा रहनुभएका महेश्वरलाल श्रेष्ठ वित्त व्यवस्थापन विभागमा, टक्सार महाशाखामा काजमा रहनुभएका नारायण धमला विदेशी विनिमय व्यवस्थापन विभागमा, जगदिश्वरप्रसाद अधिकारी पारिवारिक बजेट सर्वेक्षण आयोजनाबाट नेपाल राष्ट्र बैंक, विराटनगरमा, शिवनाथ पाण्डे वित्त व्यवस्थापन विभागबाट नेपाल राष्ट्र बैंक, पोखरामा, महेश भट्टराई नेपाल राष्ट्र बैंक, विराटनगरबाट टक्सार महाशाखामा, वासुदेव आचार्य नेपाल राष्ट्र बैंक, पोखराबाट संस्थागत योजना विभागमा र कायममुकायम मुख्य व्यवस्थापक श्री दीपकबहादुर थापा नेपाल राष्ट्र बैंक, जनकपुरबाट बैकिंग कर्यालयमा (काज) सरुवा हुनुभएको छ ।

उप-निर्देशकद्वय श्री रोशनकुमार सिग्देल र श्री प्रदिपराज पौडेल पारिवारिक बजेट सर्वेक्षण आयोजनाबाट अनुसन्धान विभागमा सरुवा हुनुभएको छ ।

सहायक निर्देशकहरु वामदेव पौडेल अनुसन्धान विभागबाट अतिरिक्त दरबन्दीमा, मातृकाप्रसाद पौडेल पारिवारिक बजेट सर्वेक्षण आयोजनाबाट आन्तरिक लेखापरीक्षण विभागमा, सञ्जयबल्लभ पन्त वित्तीय संस्था सुपरिवेक्षण विभागबाट अतिरिक्त दरबन्दीमा, देवेन्द्र गौतम बैंक तथा वित्तीय संस्था नियमन विभागबाट लघु वित्त विभागमा, पारिवारिक बजेट सर्वेक्षण आयोजनामा काजमा रहनुभएका श्री किरणगोपाल कारंजित वित्त व्यवस्थापन विभागबाट अनुसन्धान विभागमा, शशीघर अर्याल अनुसन्धान विभागबाट विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

वित्तीय क्षेत्र सुधार आयोजनामा काजमा रहनुभएका श्री अच्युतराज जोशीलाई वित्त व्यवस्थापन विभागबाट, विश्रुत थापालाई बैंकिग कार्यालयबाट, विनोदराज लेखकलाई नेपाल राष्ट बैंक, सिद्धार्थनगरबाट र तिमिला श्रेष्ठलाई मुद्रा व्यवस्थापन विभागबाट सरुवा गरी काज यथावत कायम गरिएको छ ।

सहायक व्यवस्थापकहरु दिनेशरत्न स्थापित नेपाल राष्ट्र बैंक, पोखराबाट बैकिंग कार्यालयमा, नेपाल राष्ट्र बैंक, वीरगञ्जमा काजमा रहनुभएका श्री सुदर्शन ढुंगाना बैंक तथा वित्तीय संस्था नियमन विभागबाट नेपाल राष्ट्र बैंक, वीरगञ्जमा, दीपकनाथ आचार्य वित्तीय संस्था सुपरिवेक्षण विभागबाट नेपाल राष्ट्र बैंक, वीरगञ्जमा, नेपाल राष्ट्र बैंक, विराटनगरमा काजमा रहनुभएका श्री गोकुलचन्द्र अधिकारी अनुसन्धान विभागबाट नेपाल राष्ट्र बैंक, विराटनगरमा, नेपाल राष्ट्र बैंक, पोखरामा काजमा रहनुभएका श्री ऋषिराम बराल बैंक तथा वित्तीय संस्था नियमन विभागबाट नेपाल राष्ट्र बैंक, पोखरामा, विदेशी विनिमय व्यवस्थापन विभागमा काजमा रहनुभएका श्री सृजना बास्तोला अनुसन्धान विभागबाट विदेशी विनिमय व्यवस्थापन विभागमा सरुवा हुनुभएको छ ।

यसैगरी कम्प्यूटर सुपरभाइजरहरु श्री भुषण बज्राचार्य पारिवारिक बजेट सर्वेक्षण आयोजनाबाट गभर्नरको कार्यालयमा, श्री चन्द्रमान महर्जन गभर्नरको कार्यालयबाट मुद्रा व्यवस्थापन विभागमा र श्री सानुभाई महर्जन पारिवारिक बजेट सर्वेक्षण आयोजनाबाट अनुसन्धान विभागमा सरुवा हुनुभएको छ ।

# पोखरामा आर्थिक तथा मौद्रिक अन्तरक्रिया

नेपाल राष्ट्र बैंक, पोखराले पुस ६ गते कार्यालयको सभाकक्षमा समसामयिक आर्थिक तथा मौद्रिक विषयमा एक अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा कास्की जिल्लास्थित बैंक तथा वित्तीय संस्थाका चालिसभन्दा बढी प्रमुख तथा उप-प्रमुखहरुको सहभागिता रहेको थियो ।

नेपाल राष्ट्र बैंक, पोखराका मुख्य व्यवस्थापक श्री वासुदेव आचार्यको प्रमुख अतिथ्यमा सञ्चालन भएको उक्त कार्यक्रममा व्यवस्थापक श्री केशव थापाले स्वागत मन्तव्य व्यक्त गर्दै अन्तरक्रियाको उद्देश्य तथा उपादेयताका बारेमा प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा मुख्य व्यवस्थापक श्री आचार्यले समसामयिक आर्थिक तथा मौद्रिक विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्रउपर टिप्पणी गर्दै कृषि विकास बैंक, क्षेत्रीय कार्यालय, पोखराका प्रबन्धक श्री दशरथ जोशी, माछापुच्छ्रे बैंक, पोखराका श्री अर्जुन थापा, सिटी विकास बैंकका श्री विश्वमोहन अधिकारी, हिमचुली विकास बैंकका श्री महेश्वर पहारी र कास्की फाइनान्स कम्पनी लिमिटेडका श्री तारानाथ लम्सालले कार्यक्रम समसामयिक एवम् औचित्यपूर्ण रहेको बताउनु भएको थियो । कार्यपत्रउपर छलफलका क्रममा उठेका जिज्ञासाको जवाफ मुख्य व्यवस्थापक श्री आचार्यले दिनुभएको थियो ।

सहभागीहरुको तर्फबाट राष्ट्रिय बाणिज्य बैंक, क्षेत्रीय कार्यालयका प्रमुख श्री प्रदिप सत्यालले अन्तरक्रिया सामयिक र महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । यस्तो कार्यक्रमलाई निरन्तरता दिंदै कार्यक्रमबाट प्राप्त राय, सुझावहरु सम्बन्धित सबै पक्षबाट कार्यान्वयन हुन सके कार्यक्रमको गरिमा अझ बढ्ने उहाँको सुझाव थियो ।

कार्यक्रम समापनको अवसरमा मुख्य व्यवस्थापक श्री आचार्यले सहभागीहरुबाट प्राप्त राय एवं सुझावहरुलाई व्यवहारमा कार्यान्वयन गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमको सञ्चालन नेपाल राष्ट्र बैंक, पोखराका सहायक व्यवस्थापक श्री तिलबहादुर गुरुङले गर्नुभएको थियो ।

## फोटो फिचर



*बैंकिङ् कार्यालयले आयोजना गरेको शंकास्पद विदेशी मुद्रा पहिचान विषयक गोष्ठीमा मन्तव्य व्यक्त गर्नुहुँदै कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धर ।*

# विदेशी मुद्राका नक्कली नोटदेखि सावधान

बैंकिङ्ग कार्यालयले नक्कली विदेशी मुद्राका नोटहरुको पहिचान सम्बन्धमा पुस २३ गते काठमाडौंमा एक कार्यशाला गोष्ठीको आयोजना गर्‍यो । गोष्ठीको उद्घाटन कायममुकायम गभर्नर श्री कृष्णबहादुर मानन्धरले गर्नुभएको थियो ।

उक्त अवसरमा उहाँले देशको अर्थतन्त्रलाई नै नकारात्मक असर पार्ने विदेशी मुद्राका नक्कली नोटको पहिचान चुनौतीपूर्ण भएको बताउँदै यस समस्याको समाधानका लागि सबैले सचेतता अपनाउनु पर्ने विचार व्यक्त गर्नुभयो । नेपाल र भारतबीच खुला सीमाना भएको कारण अरु विदेशी मुद्राभन्दा नक्कली भारु भित्रिने सम्भावना बढी भएको चर्चा गर्दै उहाँले भारुको कारोवार गर्दा बढी चनाखो हुनु पर्ने आवश्यकता औंल्याउनुभयो ।

बैंकिङ्ग कार्यालयका कार्यकारी निर्देशक श्री गणेशकुमार श्रेष्ठले गोष्ठीको उद्देश्यमाथि प्रकाश पार्नुभयो । सन् २००७ मा नेपालमा करिब ३ लाख अमेरिकी डलर मूल्यको नक्कली डलरको पहिचान भएको जानकारी उहाँले दिनुभयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक श्री रामजी रेग्मीको सभापतित्वमा सम्पन्न उक्त गोष्ठीमा बैंकिङ्ग कार्यालयका निर्देशक श्री सिद्धिकृष्ण जोशीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बैंकिङ्ग कार्यालयका सहायक निर्देशक (नगद) श्री प्रद्युम्नकुमार खनालले भारुको शंकास्पद नोट पहिचान विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नक्कली भारु नोटको कागज बाक्लो र चिप्लो हुने, फट्कार्दा खटखट आवाज नआउने, नोटको रङ्ग बढी फिका वा गाढा हुने, पानीछाप फिका र अस्पष्ट हुने उहाँले जानकारी दिनुभयो । नक्कली नोट छुट्याउने सजिलो आधार नोटमा रहने सुरक्षण धागो भएको उहाँले बताउनुभयो । नक्कली नोटमा सुरक्षण धागो र सोमा लेखिइने अक्षर स्पष्ट नहुने उहाँले बताउनुभयो ।

गोष्ठीमा एचएसबीसी बैंक, सिंगापुरका उप-निर्देशक श्री बेञ्जामिन जेम्स सरमले अमेरिकी डलर, पाउण्ड र हङकङ डलरको नक्कली नोटको पहिचान विषयमा र डच बुन्देश बैंकका श्री जेन्स फरमानले नक्कली यूरो नोटको पहिचान विषयमा सहभागीहरुलाई प्रशिक्षण दिनुभएको थियो ।●

## उद्धरण

कान्तिपुर बुधबार, २५ पुस, २०६४ बाट

### गभर्नर मुद्दा र अदालत

राष्ट्र बैंक गभर्नर लामो समयसम्म नहुँदा अर्थतन्त्रमा समस्या आउन सक्छ भन्ने उल्लेख गर्दा अर्थ मन्त्रालयले विशेष अदालतलाई यो मुद्दा प्राथमिकतामा राख्न अनुरोध गर्‍यो । गत असार १५ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार अभियोगमा मुद्दा दायर गरेपछि लगत्तै मन्त्रालयले अदालतमा पत्र पठाएको थियो । दुई महिनाअघि पुनः तोकेता गर्‍यो । प्रधानन्यायाधीशसँग मुद्दालाई प्राथमिकतामा राखेर फैसला गर्न अनुरोध गर्‍यो ।

यथार्थ चारपटक यो मुद्दाको पेशी सर्‍यो । एकपटक अदालतका एक न्यायाधीशको सरुवा पर्‍यो । सरुवा गर्न कागबेनी गए । अर्कोपटक तिनै न्यायाधीशकी छोरीको बिहेको दिन पेशी राखियो । उनले बिदा लिए । पुनः अर्को तारिख तोकियो । यसपटक पनि अर्का न्यायाधीशले बिदा लिए र पेशी सर्‍यो । आधुनिक अर्थतन्त्रमा गभर्नर पद निकै महत्त्वपूर्ण मानिन्छ । केही वर्षअघि अमेरिकामा तत्कालीन गभर्नर ऐलन ग्रिनस्प्यानलाई हृदयघात हुँदा पुँजी बजारमा संकट आएको थियो । तर यहाँ ६ महिनाभन्दा बढी समय देश गभर्नरविहीन भइसक्यो । पुनः पुस २९ को तारिख दिइएको छ । त्यो दिन फैसला हुन्छ भन्नेमा ढुक्क हुने अवस्था छैन ।

एउटा पेशीको दिन गभर्नर कार्यालय सरसफाइ गरियो । नयाँ गलैंचा राखियो । फैसला हुन्छ र नयाँ गभर्नर आउँछन् भनेर यस्तो काम भएका थिए । एउटा महत्त्वपूर्ण निर्णयसमेत गभर्नर आएपछि गर्ने भनेर सञ्चालक समिति बैठक डाकिएन । पेशीको दिन राष्ट्र बैंकका थुप्रै कर्मचारी अदालत परिसर पुगे । सञ्चारकर्मी र वित्तीय संस्थाका अधिकारी अदालत पुगे । दिनभर कुरे । त्यस दिन पनि आदेशमात्र भयो, फैसला भएन ।

विशेष अदालतमा गभर्नरको मात्र मुद्दा होइन, अरू पनि छन् । फैसला गर्दा पर्याप्त अध्ययन र प्रमाण बुझ्नुपर्छ । होइन भने यो गलत हुन्छ । सही न्याय होस् बरु समय लागोस् । यसलाई बेठीक भन्न सकिँदैन । गभर्नरको पदीय जिम्मेवारीलाई पनि कम आँकलन गर्नुहुँदैन । यही कारण सरकारले अनुरोध गरेको हुनुपर्छ । गभर्नर पदमा को हुन्छ भन्ने महत्त्वपूर्ण होइन । निलम्बित गभर्नर विजयनाथ भट्टराईले भ्रष्टाचार गरेका हुन् भने सजाय पाउनुपर्छ । मुद्दा लम्बिँदै गए सरकारले विकल्प सोच्नुपर्छ ।

गभर्नर नहुँदा वित्तीय क्षेत्रमा थप सहयोग रोकिएको छ । नोटको अभाव बढ्दो छ । पुराना नोट चलनचल्तीमा छन् । राष्ट्र बैंकको सुधार कार्यक्रम रोकिएको छ । सहयोग दिन तयार दातृनिकाय पर्ख र हेरमा छन् । राष्ट्र बैंक सरकारको आर्थिक सल्लाहकार हो र मौद्रिक नीति बनाउने मुख्य निकाय । सरकारले वित्तीय अनुशासन विपरीत कर्जा लिंदा तत्कालीन गभर्नर डा. तिलक रावलले सरकारलाई सचेत गराउँदै पत्र लेखेको थिए । अब सरकारको चेक नगदमा परिणत नहुन सक्छ भन्ने चेतावनी रावलले दिएका थिए । अहिले देशमा खर्चको मात्र अत्यधिक छ । सरकारले यसरी खर्च गर्न थाल्यो भने गभर्नरले पुनः यस्तो पत्र लेख्नुपर्ने अवस्था आउन सक्छ । मौद्रिक क्षेत्रमा पनि समस्या देखिएका छन् । पुँजी पलायन र बजारमा लगानीयोग्य पुँजी (तरलता) मा समस्या आएको छ । विनिमय दरको उतारचढावले समस्या बढ्दो छ । सोधानान्तर स्थितिलगायत चार महिनादेखि ऋणात्मक छ । मूल्य वृद्धिको चाप बढिरहेको छ ।

> **कहिलेसम्म गभर्नर पद खाली गर्ने र कामुलाई हस्ताक्षर गराएर चलाउने ?**

यस्तो अवस्थामा राष्ट्र बैंक सरकारको एउटा विभागजस्तो भएको छ । केही संवेदनशील निर्णय गर्नुपर्‍यो भने अर्थमन्त्री संयोजक रहेको वित्तीय सुधार उच्चस्तरीय समितिमा लाने गरिन्छ । राष्ट्र बैंक ऐन ०५८ ले यो संस्थालाई स्वायत्त बनाएको थियो । तर, अहिले अर्थ मन्त्रालयको विभाग जस्तो भएर बैंकले काम गरिरहेको छ । यसलाई परिवर्तन गर्न पनि गभर्नर चाहिन्छ ।

नोटको समस्या परेपछि मन्त्रिपरिषद्ले कामु गभर्नरलाई हस्ताक्षर गर्ने अनुमति दिएको छ । गभर्नर पद ६ महिनादेखि खाली हुने र कामुले नोटमा हस्ताक्षर गर्ने भन्नु आधुनिक अर्थतन्त्रमा नमिल्ने विषय हो । कहिलेसम्म गभर्नर पद खाली गर्ने र कामुलाई हस्ताक्षर गराएर चलाउने ?

## जनसम्पर्क महाशाखाको सूचना

'नेपाल राष्ट्र बैंक समाचार'ले बैंकको ५३ औं वार्षिकोत्सव (२०६५ वैशाख १४) को उपलक्ष्यमा आर्थिक लेख विशेषाङ्क प्रकाशित गर्दैछ । उक्त अङ्कमा प्रकाशनार्थ विद्वान लेखकहरूबाट आर्थिक, वित्तीय, मौद्रिक, व्यवस्थापन तथा बैंकिङ्ग विषयका समसामयिक, अनुसन्धानात्मक एवम् विश्लेषणात्मक लेख आह्वान गरिएको छ । आफ्नो लेख २०६४ फागुन मसान्तभित्र **नेपाल राष्ट्र बैंक, जनसम्पर्क महाशाखामा** आइपुग्ने गरी पठाई दिनुहुन अनुरोध छ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा**
फोन/फ्याक्स : +९७७-१-४४११९९८, Ext.: ३६६, ३६९
ईमेल : prd@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
**साधना उपाध्याय**

*सम्पादन सहयोगी*
**बिमला उपाध्याय, विन्दुप्रसाद अर्याल**
**रामकाजी खाइजू**